औजार
AUJAR NATIONAL DAILY
राष्ट्रिय दैनिक पत्रिका
aujarnews.com




मोती ज्वेलरी
Kalyan Jewellers
Dharan2, Sunsari, Koshi, Nepal

# पाख्रीबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनकुटा, प्रदेश नं १ , नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशन मिति २०७६/०१/२८

यस कार्यालयबाट तपसिलमा उल्लेखित सामाग्री खरिद प्रकियाबाट आपुर्ति गराउनुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, आधिकारिक बिक्रेता वा सप्लायर्स बाट निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वकको सिलबन्दी दरभाउपत्र आहवान गरिएको छ ।

**शर्तहरु:**

१. इच्छुक योग्यता पुगेका सिलबन्दी दरभाउपत्रदाताले १५ औ दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिल बमोजिमको नगदै तिरेको नगदी रसिद वा एन.आई.सी. एसिया बैंक, हिले शाखाको संचितकोष खाता नं ८८CA५०२६४७५२४००१ मा जम्मा गरि उक्त सक्कल भौचरका साथ २०७५/७६ को लागि नविकरण भएको इजाजतपत्र स्थायी लेखा नम्बररमु.अ.कर प्रमाणपत्र प्रतिलिपि र आ व २०७४/७५ को कर चुक्ता गरेको प्रमाणपत्र प्रतिलिपी संलग्न राखी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको १२ बजे भित्रमा यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ । प्राप्त दरभाउपत्रहरु सोही दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन । यदि १६ औं दिन सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र दर्ता गरिने तथा खोलिनेछ ।

३. आधिकारिक बिक्रेताको हकमा निर्माता कम्पनीबाट दिएको अधिकार पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र साथ तपसिलमा उल्लेखित धरौटी बापतको रकम यस कार्यालयको NIC ASIA BANK LTD. शाखा कार्यालय हिले स्थित धरौटी खाता नं ८८CA५०२६४७५२४००३ मा नगदै दाखिला गरेको सक्कल भौचर वा कम्तीमा ७५ दिनको मान्य म्याद भएको मान्यता प्राप्त 'क' बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बिडबण्ड ( ञ्चबलप न्ाबचबलतभभ) पेश गर्नुपर्नेछ ।

५. दरभाउपत्र भर्दा प्रत्येक आइटमको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखीएकोलाई मान्यता दिइनेछ ।

६. रित नपुगी वा म्याद नाघी आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । शिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ (पैतालिस) दिनको हुनेछ ।

७. दर्ता भएका सिलबन्दी दरभाउपत्र आशिक वा पुर्ण रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ ।

८. दरभाउपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क, फोन नं, फ्याक्स नं वा इमेल स्पष्ट सँग लेख्नुपर्नेछ ।

९. दरभाउपत्र पेश गर्दा खामको बाहिर माथी पेश गर्ने फर्म, कम्पनीको नाम र कामको बिबरण लेखी यस कार्यालयको नाम समेत लेख्नुपर्नेछ ।

१०. सप्लाइ गर्ने सामाग्रीहरु दरभाउपत्र साथ संलग्न स्पेसिफिकेशनमा उल्लेख भएका शर्त अनुसारका हुनुपर्नेछ ।

११. यस सम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१२. दरभाउपत्र फारममा उल्लेख भएको सामग्रीहरुको प्रकार र परिमाण एकै पटक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ र कार्यालयसम्मको ढुवानी फर्मरकम्पनी स्वयंले गर्नुपर्नेछ ।

१३. यस सुचनामा उल्लेख नभएको अन्य कुराहरुको हकमा सार्बजनिक खरिद ऐन २०६३ सार्बजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**तपसिल:**

| सि न | ठेक्का नं | सामग्रीको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | PKBSMUN/ 075/76/06 | Providing and Supplying Steel Tubular Pole | २५,०००/- | १,०००/- | शिलबन्दी दरभाउपत्र |

प्रमुख प्रशासकीय अधिकृत